"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता SAHAKARITA

द्वैमासिक

वर्ष १० अंक ४१, मंसिर-पुस २०८०    www.ncbl.coop    17 December 2023- 14 january 2024

## राष्ट्रिय सहकारी बैंकको २० औं वार्षिक साधारणसभा सम्पन्न, सम्पूर्ण नीति तथा कार्यक्रम सर्वसम्मत पारित



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको २० औं वार्षिक साधारणसभा पुस ६ गते सम्पन्न भएको छ। मंसिर २९ गते एकाइ सभा सम्पन्न गरि पुस ६ गते एकाइ स्तरबाट छनौट भएका प्रतिनिधिहरूको निर्णय प्रमाणित गर्ने सभा काठमाडौंमा सम्पन्न भएसँगै २० औं वार्षिक साधारणसभा सम्पन्न भएको हो ।

साधारणसभामा बैंकका अध्यक्ष के.बी. उप्रेतीद्वारा प्रस्तुत भएको सञ्चालक समितिको प्रतिवेदन, लेखा सुपरिवेक्षण समितिका संयोजक लक्ष्मी प्रसाद उप्रेतीद्वारा प्रस्तुत प्रतिवेदन, आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रगती प्रतिवेदन तथा आर्थिक वर्ष २०८०/०८१ को प्रस्तावित बजेट तथा कार्यक्रम, आर्थिक वर्ष २०७९/०८० को लेखापरिक्षण प्रतिवेदन सहित साधारणसभामा पेस भएका सम्पूर्ण नीति तथा कार्यक्रमहरू सर्वसम्मत पारित भएका छन् । बैंकका अध्यक्ष के.बी.उप्रेतीको अध्यक्षतामा भएको साधारणसभाको उद्घाटन संघीय सहकारी विभागका रजिष्ट्रार पिताम्बर घिमिरेले गर्नुभएको थियो । साधारणसभामा सहकारी विभागका रजिष्ट्रार पिताम्बर घिमिरे, लेखा सुपरिवेक्षण समितिका संयोजक लक्ष्मी प्रसाद उप्रेती, लेखा सुपरिवेक्षण समितिका सदस्यहरु, पदेन सदस्य (निवर्तमान अध्यक्ष) रमेश प्रसाद पोखरेल, बैंकका सम्पूर्ण सञ्चालकहरु र प्रदेश स्तरको एकाइ साधारणसभाबाट केन्द्रीय सभाको निर्णय प्रमाणित गर्न सबै प्रदेशस्तरबाट छनौट प्रतिनिधिहरूको सहभागिता रहेको थियो । बैंकको गत मंसिर २९ गते शनिवार सात वटै प्रदेशहरुमा एकाइस्तरको साधारणसभामा सम्पन्न भएको थियो । साधारणसभामा सदस्य सहकारी संघ संस्थाका प्रतिनिधिहरूले उत्साहजनक सहभागिता जनाएका थिए । ..... *(बाँकी पृष्ठ ३ मा)*

## सहकारी क्षेत्रमा विश्वास जगाउन सबै एकतावद्ध भएर लागौ : रजिष्ट्रार घिमिरे



ललितपुर। संघीय सहकारी विभागका रजिष्ट्रार पिताम्बर घिमिरेले सहकारी क्षेत्रमा विश्वासको वातावरण बनाउनका लागि राज्य, सहकारी अभियान र आम सरोकारवालाहरु एकतावद्ध भएर अगाडि बढ्नु पर्नेमा जोड दिनु भएको छ। राष्ट्रिय सहकारी बैंक लिमिटेडको २० औं वार्षिक साधारणसभा अन्तरगत र पुस ६ गते आयोजित एकाई प्रतिनिधिहरुको निर्णय प्रमाणित गर्ने सभामा बोल्दै रजिष्ट्रार घिमिरेले यस्तो बताउनु भएको हो ।

केही सहकारीहरुको गतिविधिले समग्र सहकारी क्षेत्रमा विश्वास क्षयीकरण भएको छ, सबै सहकारीले गलत गरेका छैनन, सहकारीले सदस्यको आर्थिक सामाजिक क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुका साथै राष्ट्रको आर्थिक अवस्था सुधारमा समेत योगदान गरेको विषयलाई आम जनताका बीचमा लैजानु पर्नेमा उहाँको जोड थियो । सहकारी क्षेत्रमा देखिएका कमीकमजोरी सुधार गरेर आम समुदायलाई विश्वासको वातावरण बनाउनका लागि सबै सरोकारवालाहरुबीच सहकार्य आवश्यक रहेको उहाँले बताउनुभयो । ..... *(बाँकी पृष्ठ ३ मा)*

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

सहकारिता

सल्लाहकार
के.बी. उप्रेती
लक्ष्मी प्रसाद उप्रेती
बद्रीकुमार गुरागाई

सुचना, सञ्चार तथा प्रकाशन उप-समिति
संयोजक
राम बहादुर जि.सी.

सदस्यहरु
डिल्ली प्रसाद पोखरेल, आर एस तिमल्सिना
विजया धिताल
सदस्य सचिव
नवीन कुमार कार्की

प्रधान सम्पादक
राम बहादुर जि.सी.

सहयोगी
बलराम के.सी.

ठेगाना
राष्ट्रिय सहकारी बैंक लिमिटेड
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर
फोन नं : ०१-५१८०१८२
Email: Publication@ncbl.coop
ncbl@ncbl.coop
webiste: www.ncbl.coop

## सम्पादकीय

# सहकारी क्षेत्र राज्य, निजी क्षेत्रको प्रतिष्पर्धी नभई परिपूरक मात्र

*सहकारी आर्थिक क्षेत्रको एक महत्वपूर्ण अंगको रुपमा मानिन्छ । सार्वजनिक निजी र सहकारी क्षेत्र मार्फत समग्र देशको विकास गर्न सकिने कुरा नेपालको संविधान २०७२ मा उल्लेख गरिएको छ । आर्थिक स्वाधीनताको परिभाषा गर्दा अत्यन्त संकुचित रुपमा गर्ने गरिएको छ ।*

*राष्ट्रिय आवश्यकताका आधारमा आर्थिक नीति निर्माण गर्ने, मुलुकको प्राथमिकता र आवश्यकता बमोजिम दातृ निकायको सहयोग प्राप्त गर्ने, आयात निर्यातजस्ता बजार सम्बन्धहरु मुलुकको स्वार्थ अनुकूल तुल्याउने, उत्पादन तथा वितरणमा समावेशिता र सहभागिता सुनिश्चित गर्नुपर्ने लगायतका कुराहरु समेट्नु पर्दछ ।*

*सशक्तिकरणको मुद्धालाई सम्बोधन गर्दै उपलब्धिमूलक बनाउनका लागि समुदायमा पछि परेका र पारिएकाहरुलाई संगठित गरेर मात्र सम्भव हुन्छ । यसका लागि उत्पादन, प्रशोधन र सामुदायिक गतिविधिमा सहकारी अभियान सबलीकरणका साथै आयआर्जन, गरिबी निवारणका लागि समेत सशक्त माध्यम बन्न सक्छ । उत्पादनभन्दा प्रशोधन र भण्डारणबाट मूल्य अभिवृद्धि (Value Add) हुने हुँदा स्थानीय जनता अझ बढी लाभान्वित हुने, यसबाट बिचौलिया प्रवृत्ति निरुत्साहित भई उत्पादक र उपभोक्ता दुवै लाभान्वित हुन्छन् । राज्यको समावेशी आर्थिक वृद्धिको लक्ष्य हासिल गर्नका लागि कुन कुन आर्थिक पक्ष र क्षेत्रका सहकारी संस्थालाई प्रवर्द्धन गर्ने भन्ने कुरा राज्यले प्राथमिकता दिएर अघि बढाउनु पर्दछ । खास गरी समाजमा पछि परेका समुदायलाई समेट्रेर सहकारीको प्रवर्द्धन गर्न पहिलो प्राथमिकता दिन सकिन्छ । विश्व आर्थिक परिदृश्यमा देखा परेका मुख्य दुई मोडेलमध्ये राज्य र निजी क्षेत्रले चलाएको अर्थतन्त्रका आआफ्ना सीमा रहेका र सोका कारण बेलाबेलामा ती दुवै मोडलमा संकट आउने गरेको छ । ती दुवै मोडलको परिपूरकका रुपमा समावेशी आर्थिक वृद्धि र विकासका लागि तेश्रो पात्रका रुपमा विश्वका कतिपय मुलुकहरुमा सहकारी मोडेल स्थापित भएको छ । स्थानीय अर्थतन्त्रमा उत्पादन, प्रशोधन, भण्डारण र वितरणमा सहकारी संस्था नै सफल हुने गरेको देखिन्छ । यसरी सफल भएका सहकारी संस्थाहरु न्यून मात्रमा रहेको पाईन्छ ।*

*बजार केन्द्रीत अर्थतन्त्रका कारण आयको वितरण न्यायोचित नहुँदा समाजमा असमानता, असन्तुष्टि जन्मन गई विभिन्न मुलुकमा द्वन्द्व र कहिलेकाहीँ विनाशको अवस्था देखिएको छ । उत्पादन र बजारीकरणमा स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्न सहकारी एउटा पूरक पात्र हुने गरेको छ । समाजमा जातीय, लैगिक, भौगोलिक लगायत बहु आयामिक असमानता रहने र तिनलाई न्यूनीकरण गर्नमा सहकारी एक उपयुक्त उपकरण हो । अर्को कुरा नेपाल जस्तो विकासिल देशमा व्याप्त रहेको गरिबिलाई घटाउन पनि सहयो पुगेको छ । औद्योगिक विकासका लागि दिगो पुँजी निर्माण आवश्यक हुने, स्वदेशी पुँजी निर्माण एवम् विकास नगरी दिगो आर्थिक विकास सम्भव नहुने भएकाले स्थानीय स्तरमा छरिएर रहेको पुँजी संकलन र पुँजी निर्माणको बानी बसाल्ने कार्यमा सहकारी संस्था भरपर्दो माध्यम बन्न सक्दछ । सहकारी क्षेत्र राज्य, निजी क्षेत्रको प्रतिष्पर्धी नभई परिपूरक मात्र हो । राज्यद्वारा प्रदान गरिने वितरणलाई तल्लो तहसम्म पुऱ्याउन सहकारीमार्फत गर्नु उपयुक्त हुन्छ । राज्य जान नसक्ने तथा निजी क्षेत्र जान नचाहने क्षेत्रमा सिर्जित अन्तराल सहकारीले पूरा गर्न सक्दछ ।*

# राष्ट्रिय सहकारी बैंकको २० औं वार्षिक साधारणसभा सम्पन्न, सम्पूर्ण नीति तथा कार्यक्रम सर्वसम्मत पारित.....

बैंकमा हालसम्म १६ हजार १ सय ५८ सहकारी संघ संस्थाहरु सदस्य रहेका छन् । बैंकको शेयर पूँजि २ अर्ब ७९ करोड, निक्षेप ५७ अर्ब, ऋण लगानी ३० अर्ब ८९ करोड रहेको छ । बैंकले एक केन्द्रीय कार्यालय र ६८ वटा शाखा कार्यालय मार्फत देशभरिका सहकारी संघ संस्थाहरुलाई उत्कृष्ट वित्तीय तथा गैर-वित्तीय सेवाहरु प्रदान गरिरहेको छ ।



कार्यक्रममा सल्लाहकार तथा पूर्व मन्त्री केशव प्रसाद बडालको प्रमुख आतिथ्ययतामा भएको समापन कार्यक्रममा बैंकका सल्लाहकार तथा पूर्व मन्त्री दीपक प्रकाश बाँस्कोटा, सल्लाहकारहरू कमल चौलागाई, राधा घले, राष्ट्रिय सहकारी विकास बोर्डका सह-अध्यक्ष तथा बैंकको लेखा सुपरिवेक्षण समितिका नि-वर्तमान सदस्य मित्रराज दवाडी, सहकारी विभागका रजिस्ट्रार पिताम्बर घिमिरे, पूर्व सञ्चालक डिल्ली तिवारी, सुर्यविनायक नगरपालिकाकी उपमेयर तथा बैंकको पूर्व सञ्चालक सरिता भट्टराई, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघका पूर्व अध्यक्ष ऋषिराज घिमिरे लगायतको आतिथ्यता रहेको थियो ।

## सहकारी क्षेत्रमा विश्वास जगाउन सबै एकतावद्ध भएर लागौं : रजिष्ट्रार घिमिरे.....




सहकारीमा देखिएको समस्याको यथार्थ अवस्था पत्ता लगाउन, समस्या समाधानका लागि गर्न सकिने उपायका बारेमा सरकारले गठन गरेको सहकारी क्षेत्र सुझाव कार्यदलले समग्र प्रतिवेदन दिएको र उक्त प्रतिवेदनको प्रभावकारी कार्यान्वयन हुने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो । कार्यदलले दिएको सुझावमा समस्याका पहिचानसंगै तत्काल गर्नु पर्ने काम र दीर्घकालिन योजनाका बारेमा स्पष्टसंग उल्लेख गरिएकोले कार्यदलको सुझाव कार्यान्वयनमा ध्यान दिइएको उहाँले बताउनुभयो । बैंकका अध्यक्ष केबी उप्रेतीले वित्तीय लगायत समग्र क्षेत्रमा देखिएको समस्याका कारण सहकारीले भोग्नु परेका समस्या र सहकारी क्षेत्रमा आएको समस्याका कारण दवावमा परेका सहकारीहरुलाई जोगाएर सहकारीप्रतिको विश्वासको वातावरण बनाउन अभियान र राज्य मिलेर काम गर्नु पर्ने बताउनुभयो ।

# सहकारीमा शेयर सदस्यको भुमिका



किरण खत्रि
शाखा प्रमुख
राष्ट्रिय सहकारी बैंक लि., भुरीगाँउ शाखा

## पृष्ठभुमी

शाब्दिक अर्थमा, सहकारी शब्द सह र कारी दुई शब्द मिलेर बनेको छ, जसमा सहको अर्थ "सँग-सँगै" र कारीको अर्थ "कार्य गर्ने" भन्ने बुझिन्छ । अत: सँगसँगै कुनै पनी कार्य मिलेर गर्नु, सोच्नु नै सहकारी हो । मानव सभ्यताको विकास क्रमसँगै मानीसहरु एकआपसमा मिलेर काम गर्ने, आफुसँग भएका मालसमान अरुलाई दिने, आफुसँग नभएका मालसमान अरुबाट लिने अर्थात ऐँचोपैचो गरी व्यवहार गर्दथे । छिमेकमा निस्वार्थ सेवा तथा परेको वेला आवश्यक सहयोग लिने र दिने समाजमा आफ्ना आधारभुत आवश्यकताहरु र सामुदायीक उन्नती प्राप्त गर्नका लागी सगठित र असगठित रुपमा हुदै आएकोमा त्यसमा केहि विधिमा परिवर्तन सहित सहकारीताको विकास भएको देखिन्छ ।

सहकारीताको आधारमा गठन हुने संस्था जो सुकै व्यक्ति विशेषमा संचालन हुन सक्दैन, त्यसमा सहकार्य गर्ने सवै सदस्यको उदेश्यमा एकरुपता हुनु जरुरी हुन्छ । उदेश्य भन्ने वित्तिकै एउटै राजनितीक आस्था भएको दलले आफ्ना कार्यकर्तालाई संलग्नता, एकै किसीमको व्यक्तिगत स्वार्थ जोडिएको व्यवसायी साथीहरुको समुह, दलाल/ठगहरुको मात्र समुह विचको उदेश्य एउदै भएपनी त्यस्तो सहकार्य सहकारीका मुल्य विपरीत हुने भएकोले सहकारी हुन सक्दैन । त्यसैले उदेश्य एकै हुनका लागी पेशागत समानता, पुँजीगत समानता, सोचाइ दृष्टिकोण, सामाजीक दृष्टि, सहयोगीपन तथा सहकारीका मुल्य, मान्यता, सिद्धान्त र मर्म हरु विच एक्येबद्धता हुनु जरुरी हुन्छ । त्यसैले सहकारी संस्था भनेको निश्चित भुगोल भित्र रहेको सर्वसाधारण व्यक्तिहरु मिली स्व-हितका लागी संगठित भएका मानिसहरुको समुह हो जसले नाफा व्यवसाय भन्दा पृथक सामुदायीकता भावनाले साझा बन्धनमा स्वयम परिचालीत हुने मर्यादित व्यवसाय हो ।

## विषय प्रवेश

सदस्यहरुको सामुहिक नियन्त्रण, सञ्चालक समितिबाट कुशल नितिको सिर्जना तथा व्यवस्थापनले सिर्जीत नितिको कार्यान्वयनको ऐक्यवद्धतामा सहकारी संस्थाहरु सञ्चालन गरिन्छन । सहकारीमा सामुहिकता र ऐक्यबद्यताको प्रतिनिधित्व सुनिश्चीतता साधारण सभाले गर्दछ । साधारण सभाले कार्यकारी, विधायीका, र न्यायीक तीनवटै कार्यहरु सम्पन्न गर्दछ । सदस्यमैत्री कारोवारका लागी संस्थामा बचत तथा ऋणका कार्यक्रमहरु स्तरीय बनाईनुपर्दछ । सदस्य मैत्री बचत प्रोडक्ट, सदस्यलाई संस्थाको वित्तीय अवस्थाको जानकारी, वित्तिय शिक्षाको पहुच, गुणस्तरीय जिवन, समुदायको जिम्मेवारी निर्वाह, वृत्ति विकासको अवसरहरु जस्ता विषयमा सुनिश्चितता गर्नुपर्दछ । सहकारी संस्था "हाम्रो संस्था" भन्ने भावना जागृत गराउन सक्नु नै सहकारी संस्थाको सफलताको पहिलो खुड्किलो हो ।

सहकारी क्षेत्रलाई व्यवस्थीत गर्नका लागी सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ जारी गरीएको छ । सहकारी संघ संस्थाको स्थापना, उद्देश्य, निति कार्यविधिको पालना, सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिको भुमिका, आर्थीक श्रोत परिचालनको व्यवस्था, कोषहरुको निर्माण तथा कुशलतम वितरण, सहकारी कारोवार गर्दा हुने छुट सुविधा सहुलियत, संस्थाको एकिकरण तथा विघटन, सहकारीका सेवा सुविधा अपचलन बापतको कसुर दण्ड सजायको व्यवस्था ईत्यादी बारे सहकारी ऐन र सहकारी नियमावली मा स्पष्ट व्यवस्था गरीएको छ ।

### क) साधारण सभामा सहभागीता :

साधारण सभा सहकारी संस्थाको सर्वोच्च निकाय हो । बोलीचालीको भाषामा साधारण सभा भन्ने गरीएतापनी सामान्यतया यस सभामा संस्थाको सम्पुर्ण सञ्चालक समिति,

लेखा सुपरीवेक्षण समिति, विभिन्न उपसमिति, सदस्यहरु तथा सरोकारवाला निकाय हरु भेला भएर सम्पन्न गरिने ठुलो महासभा हो जुन प्रत्येक आर्थिक वर्षमा अनिवार्य रुपमा आयोजना गर्नै पर्ने हुन्छ । साधारण सभामा विशेषत संस्थाले सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने/विघटन गर्ने, संस्थाको निति तथा कार्यविधिहरुको अध्यावधीक गर्ने, आर्थिक वर्ष भित्रका विभिन्न आर्थिक कारोवारको अनुमोदन सम्बन्धी कार्यहरु गरीन्छन, जुन एक सहकारीको सफलताको लागि अत्यन्तै महत्वपुर्ण हुन्छ । त्यसैले संस्थाको व्यवस्थापन र नियन्त्रणमा साधारण सभाको अत्यन्तै ठुलो नियन्त्रात्मक र व्यवस्थापकीय भुमीका रहेका हुँदा संस्थामा आवद्ध सवै सदस्यहरुले सक्रिय सहभागीता जनाउनु पर्दछ ।

**ख) वित्तिय जानकारी प्राप्त गर्ने** :

शेयर सदस्यको अर्को महत्वपुर्ण भुमिका भनेको संस्थाको वित्तीय विवरणहरु बारेमा सहि जानकार हुनु हो । अन्तराष्ट्रिय सहकारी सिद्धान्त बमोजिम सहकारीमा सदस्य बनीसकेपछी आर्थीक कारोवारमा अनिवार्य सहभागी हुनुपर्दछ, सहकारीको मान्यता बमोजिम नियमित ६ महिनासम्म कारोवार नगर्ने संस्थाको जिम्मेवार सदस्य हुन पाउदैनन । संस्थामा आर्थिक कारोवार अर्न्तगत शेयपुँजी, बचत, बाह्य ऋण तथा अन्य दायीत्व तथा त्यसलाई परिचालनमा भएको विविध क्षेत्रका बारेमा जानकारी प्राप्त गर्न सक्ने बन्नुपर्दछ । सहि जानकारी हरु संस्थाले दिएको छ कि छैन त्यसमा दिनुपर्ने सुझावहरुलाई औपचारीक ढगंबाट संस्था समक्ष पुर्‍याउनुपर्दछ । संस्थाको वित्तीय सुचकहरु पर्ल्स पद्ती (मापदण्ड) बमोजिम कत्तिको मेल खान्छ त्यस वारेमा समेत जानकार हुनुपर्दछ ।

**ग) प्रतिफलमा सहभागीता :**

सहकारी ऐनको परिच्छेद १० दफा ६९ मा संरक्षीत पुँजी फिर्ता कोषको बारेमा उल्लेख गरीएको छ । जसमा सहकारीको कुल मुनाफामा जगेडा कोष छुट्याई सकेपछी बाँकि रहेको रकममा कम्तीमा २५ प्रतिशत रकम संरक्षीत पुजी फिर्ता कोष खडा गरी राख्नुपर्दछ जसलाई सदस्यले एक आर्थिक वर्ष भित्र उसले संस्थामा गरेको कारोवारका आधारमा सम्बन्धीत सदस्यलाई फिर्ता गर्नुपर्दछ भन्ने स्पष्ट व्यवस्था गरीएको छ । सहकारी मार्फत सदस्यलाई संस्थाको मुनाफामा कारोवारका आधामारमा सहभागी गराउने यस विधिलाइ सहकारीको अनुपम विशेषता हो । सहकारीको मुनाफा वितरणमा अरुको श्रममा सहभागी हुन नहुने भन्ने मुल्य मान्यता रहेको हुन्छ, उदाहरणका लागी राम र हरिले सहकारी संस्थाबाट १० र २ बोरा धान खरिद गरे, यसवाट सहकारी संस्थालाई प्रतिबोरा रु १०० रुपैयाँका हिसावले १२०० रुपैया फाईदा भयो, उक्त फाईदामा सवैभन्दा बढि हिस्सा हरिको तुलनामा रामको रहेको हुन्छ र संस्थाबाट प्राप्त गर्ने मुनाफाको हिस्सामा सामन्यलाइ अगाल्दा रामले बढि प्राप्त गर्नु पर्दछ भन्ने मायन्यता रहेको हुन्छ , यसमा उनीहरुले लिएको शेयरको रकम बारे बढि कम ले केहि फरक पर्दैन । हाम्रो देशमा सहकारीमा कारोवार गर्दा शेयर सदस्यले अधिकतम १८ प्रतिशत लाभाशं प्राप्त गर्दछन । भने यसको दर विकसीत मुलुकहरुमा अधिकतम ८ प्रतिशत मात्र रहेको छ । तसर्थ सहकारीमा कारोवार गर्दा योगदानमा आधारीत भएर मुनाफाको न्यायोचित वितरण हुने भएकोले लाभाशंको दरमा सिमितताको निति अपनाईएको हुन्छ ।

**घ) सहकारी शिक्षा :**

सहकारीमा निरन्तर शिक्षा, सहकारी संचालन व्यवस्थापनको महत्वपुर्ण सिद्धान्त हो । सामान्यतया सहकारी संस्थाहरु ग्रमीण क्षेत्रमा संचालन भएका हुन्छन र त्यसमा पनी सदस्यको साक्षरताको दर हेर्न हो भने एकदमै न्युन रहेको हुन्छ । तसर्थ संस्थाका सञ्चालक समितिलाई सहकारी शिक्षा तथा क्षमता अभिवृद्धी तालिमहरुको अवस्था, तहगत सहकारी अभियान (छाता सगंठन) सँगको समन्वय, सरोकारवाला निकायसँगको अन्तरक्रियाहरु निरन्तर हुनुपर्दछ । भने शेयरसदस्यहरुसँग वित्तीय साक्षरताका कार्यक्रमहरु, सामाजिकिरण उद्यमशिलता प्रवर्द्धनका कार्यक्रम, महिला शशक्तिकरण, स्वरोजगारमुखी तालिमको उपलब्धता, शेयरसदस्यसँग सहकारी कार्यक्रमबाट पृष्ठपोषणहरु लिने कार्यक्रमहरु सुचित गराउने साथै त्यस्ता कार्यक्रममा अनिवार्य सहभागी हुनुपर्दछ ।

**ङ) सुशासनको पालना :**

आवद्ध संस्थामा संस्थाको निति विधिलाई टेकेर कार्य सम्पादन गरिनु नै सुशासनको पालना हो । संस्थामा शेयर सदस्य, कर्मचारी, उपसमिति सदस्य देखी संचालक समिति सम्म नै सम्मान रुपले सुशासनको परिपालना गरिनुपर्दछ । शेयर सदस्यले संस्थाको विनियम बमोजिम निश्चित अंश शेयर खरिद देखी लिएर, मासिक रुपमा जम्मा गर्नुपर्ने रकम समयमै जम्मा गर्ने, उपभोग गरेको ऋण रकमलाई भाखा ननघाई समयमै तिर्ने, सहकारी संस्था संचालनका क्रममा संचालक समितिलाई संस्थागत लक्ष्य प्राप्तीका लागी आवश्यक सहजीकरण गर्न संस्थाले निर्माण गरेको विभिन्न उपसमितिहरुमा रहेको जिम्मेवार भुमिका निर्वाह गर्नुपर्दछ ।

**निष्कर्ष**

सहकारी श्रेत्रको सुशासन र नियामक निकायको नियमनकारी भुमिका औसतमा कमजोर देखीन्छ । सहकारी संस्था दर्ता कार्यमा फितलो प्रकृया, वित्तीय सुशासनको कमि, सञ्चालककहरुमा सहकारी शिक्षाको कमि, नक्कल गरीएका निति तथा कार्यविधिहरु, संचालकहरुको मनपरी एकै श्रेत्र/व्यक्तिमा गरीएको लगानी प्रवृत्तिले सहकारी क्षेत्रमा वर्तमान समयमा जोखीम सँगसँगै सहकारी क्षेत्रको विश्सनियतामा समेत प्रश्न चिन्ह खडा भएको छ । तसर्थ यस्तो अवस्थामा शेयर सदस्यले खेल्नुपर्ने भुमिका भनेको, एकका लागी सबै सबैका लागी एक भन्ने भन्ने दर्शनमा आधारीत रहि आत्मसहयोग, स्व-उत्तरदायीत्व, प्रजातन्त्र, समानता, न्याय, ऐक्यबद्वता, ईमान्दारीपन, सामाजिक उत्तरदायीत्व, जस्ता मुल्यहरुको अवलम्बन गरी सहकारीको समग्र विकासमा योगदान प्रदान गर्नु हो ।

धन्यवाद !!!

# स्तरीकरण कार्यक्रम केयरमा आबद्ध सुर्खेतका संस्थाहरूबिच समीक्षा गोष्ठी सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड ले सञ्चालन गरेको सहकारी संस्थाहरुको स्तरीकरण कार्यक्रम अन्तरगत केयरमा आबद्ध संस्थाहरुको केयर समीक्षा गोष्ठी कार्यक्रम सुर्खेतमा सम्पन्न भएको छ ।

मंसिर २६ गते केयरमा आबद्ध जनमुखी कृषि तथा पशुपालन सहकारी संस्था लिमिटेड वीरेन्द्रनगर-१०, सुर्खेतको आयोजना तथा राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोगमा कर्णाली प्रदेशबाट केयर कार्यक्रममा सहभागी संस्थाहरूका बिचमा संस्थाहरुको वित्तीय अवस्था, सुशासन र आन्तरिक व्यवस्थापन लगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो । कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका नि-वर्तमान सञ्चालक हरिहरनाथ योगीको प्रमुख आतिथ्यता, बैंकको कर्णाली प्रदेशका प्रमुख हिरालाल सुनारको आतिथ्यता रहेको थियो । कार्यक्रमलाई राष्ट्रिय सहकारी बैंकका अधिकृत सूर्यप्रसाद रिमालले सहजिकरण गर्दै सहकारी संस्थाहरूको संस्थागत क्षमता विकास तथा स्तरोन्नतिका लागि बैंक सबै किसिमको प्रबिधिक सहयोग गर्न प्रतिबद्ध रहेको बताउनु भयो ।

आयोजक संस्थाका अध्यक्ष बिन्दु चौधरीको अध्यक्षतामा भएको कार्यक्रम संस्थाका सचिव शेरबहादुर खड्गीले सञ्चालन गर्नुभएको थियो । कार्यक्रममा सुर्खेत र कालिकोट जिल्लाका गरि ७ वटा सहकारी संस्थाहरूका सञ्चालक तथा व्यवस्थापन प्रमुखको सहभागिता रहेको थियो । संस्थागत सुशासन तथा प्रभावकारी वित्तीय व्यवस्थापनका लागी कार्यक्रम अत्यन्तै उपयोगी रहेको सहभागीहरूले प्रतिक्रिया दिएका छन्

# न्यूरोडमा प्रभावकारी ऋण व्यवस्थापन तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड न्यूरोड शाखाको आयोजनामा प्रभावकारी ऋण व्यवस्थापन तालिम पुस ५ गते सम्पन्न भएको छ ।

सहकारी संघ संस्थाहरुले सदस्यलाई लगानी गर्दा ध्यान दिनु पर्ने विषयहरु, आवश्यक कागजातहरु, सुरक्षणका प्रक्रियाहरु लगायत प्रभावकारी ऋण व्यवस्थापनका विषयमा जानकारि दिने उद्देश्यका साथ तालिमको आयोजना गरिएको बैंकले जनाएको छ । तालिममा सहजीकरण गर्दै चन्द्रगिरी बचत तथा ऋण सहकारी संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत कृष्णकुमार श्रेष्ठले वित्तीय सहकारीहरुले ऋण लगानीलाई सुरक्षित, सहज र प्रभावकारी बनाउनका लागि सबैभन्दा बढी ध्यान दिनु पर्नेमा जोड दिनुभएको थियो । ऋण लगानीमा ध्यान नदिदा जोखिम बढ्ने भएकाले सबै सहकारीकर्मीहरुलाई ऋण लगानी र असुलीमा सचेत रहन उहाँले सुझाव दिनुभएको छ । कार्यक्रमको उद्घाटन पछि बोल्दौ बैंकका अध्यक्ष के.बी. उप्रेतीले वित्तीय कारोबार गर्ने सहकारीहरुले ऋण लगानी र असुलीका विधि प्रक्रिया र अभिलेख व्यवस्थापनमा ध्यान दिनु पर्नेमा जोड यिनु भयो । तालिममा सिकेका कुरा आ-आफ्नो संस्थामा लगेर कार्यान्वयन गर्न सुझाव दिदै उहाँले ऋणको जोखिम न्यूनिकरण गर्न सके सहकारीको समस्या सहजै समाधान हुने धारणा राख्नु भयो । कार्यक्रममा न्यूरोड शाखा कार्यालयको कार्यक्षेत्र भित्रका विभिन्न सहकारी संघ संस्थाबाट ४० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रम समापनमा सहभागिहरुलाई प्रमाण पत्र वितरण बैंकका प्रमुख जोखिम अधिकृत भरत कुमार चिमरियाले गर्नु भएको थियो भने, कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन राष्ट्रिय सहकारी बैंक न्यूरोड शाखाका प्रमुख रमा घिमिरेले गर्नुभएको थियो ।

# कावासोतीमा सहकारीका सञ्चालकहरुको क्षमता अभिवृद्धि तालिम सम्पन्न




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड कावासोती शाखाले सञ्चालन गरेको दुइ दीवसीय सहकारीका सञ्चालकहरुको क्षमता अभिवृद्धि तालिम पुस २० गते सम्पन्न भएको छ । सहकारी सञ्चालकहरुले संस्था संचालन गर्दा आईपर्ने समस्याहरु सदस्यहरुलाई ऋण लगानी गर्दा अपनाउनु पर्ने विधिहरु, आवश्यक कागजातहरु, धितो मूल्यांकन, भाखा नाघेको कर्जाको व्यवस्थापन, जमानत , संस्थालाई आवश्यक पर्ने निति, विधि र प्रबिधि, कार्यविधि, बचत प्रोड्क्टहरु, समय सापेक्ष ब्याजदर लगायत सम्भावित जोखिम कम गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ ।

पुस १९ र २० गते सञ्चालित तालिमको राष्ट्रिय सहकारी बैंकका तालिम अधिकृत बल्लभ तिमल्सिनाले सहकारीमा सञ्चालकहरुको क्षमता अभिवृद्धिको विषयमा सहजीकरण गर्नुभएको थियो । तालिम समापन कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका कावासोती शाखा व्यवस्थापन समन्वय उपसमितिका सदस्य शालिकराम कोइराला, सहकारी कर्मचारी समाज नवलपुरका अध्यक्ष नरभुपाल भुषाल लगायतको उपस्थिती रहेको थियो ।

बैंकको कावासोती शाखा व्यवस्थापन समन्वय उपसमितिका सदस्य नारायण प्रसाद पौडेलको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन राष्ट्रिय सहकारी बैंक कावासोती शाखाका प्रमुख रुक्मत श्रेष्ठले गर्नुभएको थियो । कार्यक्रममा नवलपुर जिल्ला भित्रका बचत तथा ऋण, बहुउदेश्यीय, उपभोक्ता, पर्यटन, विद्युत, सहकारी संस्थाहरुबाट ४४ जनाले सहभागिता जनाएका थिए ।

# सहकारी बैंकको प्राविधिक सहयोगमा चण्डेश्वरीका कर्मचारीहरूलाई सदस्य सम्बन्ध विकास तालिम

ललितपुर । काभ्रेपलाञ्चोक जिल्ला स्थित बनेपामा रहेको चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजना तथा राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा सदस्य सम्बन्ध विकास तालिम पुस २१ गते सम्पन्न भएको छ ।




सहकारीमा सदस्यहरुसँगको सम्बन्ध सुमधुर र बलियो बनाउन दक्षता बिकास गर्ने उद्देश्यका साथ संस्थामा कार्यरत कर्मचारीहरूलाई तालिम प्रदान गरेको संस्थाले जनाएको छ । तालिम समापन समारोह बोल्दै संस्थाका अध्यक्ष नवीन भक्त बादेले तालिममा सिकेको ज्ञान र सिपलाई व्यवहारमा उतार्न कर्मचारीहरुलाई आग्रह गर्नुभएको छ । सहकारी संस्थाको सबैभन्दा महत्वपूर्ण विषय सदस्यहरुसँगको सम्बन्ध भएकोले संस्था र सदस्यबिचको सम्बन्ध दिगो र जीवन्त बनाउन सके मात्रै संस्थागत सफलता कायम हुने कुरामा जोड दिनु भयो ।

तालिमलाई सहजिकरण गर्दै राष्ट्रिय सहकारी बैंकका तालिम अधिकृत राजकुमार बराललले आफ्ना सदस्यहरूसँग सम्बन्ध स्थापना गर्न सर्वप्रथम सदस्यसँगको बोली, व्यवहार र शैली, सदस्य सेवा प्रवाहको तरिका, सेवाको गुणस्तर र सन्तुष्टिलाई विशेष महत्व दिनुपर्नेमा जोड दिनु भयो ।

संस्थाको शिक्षा तालिम तथा समाज कल्याण उप-समितिको संयोजक जितेन्द्र भक्त पोटेको अध्यक्षतामा भएको उद्घाटन समारोहमा संस्थाका सल्लाहकार बालभक्त प्रधान, सचिव बुद्धरत्न मानन्धर लगायतको उपस्थिति रहेको थियो । संस्थाका प्रमुख कार्यकारी अधिकृत झलेन्द्र दाहालले सञ्चालन गर्नु भएको तालिममा २२ जना कर्मचारीहरुले सहभागिता जनाएका थिए ।

# राष्ट्रिय सहकारी बैंकद्वारा नेफ्स्कूनका सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिलाई बधाई तथा शुभकामना




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून) का नव निर्वाचित पदाधिकारी, सञ्चालकहरू तथा लेखा सुपरिवेक्षण समितिका संयोजक र सदस्यहरूलाई बधाई तथा सफल कार्यकालको शुभकामना प्रदान गरेको छ। पुस २१ गते ललितपुरमा आयोजित सहकारी बैंक र नेफ्स्कूनबीच भएको छलफल तथा अन्तरक्रिया कार्यक्रममा नेफ्स्कनको पुस ७ र ८ गते सम्पन्न ३२ औं वार्षिक साधारण सभाबाट नव निर्वाचित सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिलाई बैंकका अध्यक्ष के.बी. उप्रेतीले बधाई ज्ञापन गर्नुभएको हो । बधाई तथा शुभकामना ज्ञापन गर्दै अध्यक्ष उप्रेतीले नेपालको समग्र सहकारी अभियान सुदृढीकरणका लागि बैंक र नेफ्स्कूनबीच सहयोग र सहकार्यका साथ अघि बढ्नु पर्ने बताउनु भयो ।

उहाँले विगतमा बैंक र नेफ्स्कूनबीच विभिन्न क्षेत्रमा सहकार्यात्मक सम्बन्ध विस्तार भएको चर्चा गर्दै नव निर्वाचित सञ्चालक समितिसँग मिलेर हाल सहकारी क्षेत्रमा देखा परेका विभिन्न समस्यालाई समाधान गर्न सकेमा सहकारी क्षेत्रको साख अझ बढ्न सक्ने कुरामा जोड दिनुहुँदै सहकारी अभियानलाई दीर्घकालीनसम्म सबल र सक्षम बनाउन बैंक र नेफ्स्कून समन्वय गरि अघि बढ्नुको विकल्प नभएको बताउनु भयो ।

नवनिर्वाचित नेफ्स्कूनका अध्यक्ष चन्द्र प्रसाद ढकालले सहकारीका विद्यमान सङ्कट समाधानका लागि सहकारी अभियान एकसाथ अघाडी बढिरहेको दृष्टान्त उदारणहरू रहेको चर्चा गर्दै सहकारी बैंक, नेफ्स्कून सामूहिक ऐक्यबद्धता सहित ठिक ढङ्गले सहकारी अभियानलाई गति प्रदान गर्ने दिशामा नेफ्स्कून प्रतिबद्ध भएर लाग्ने बताउनु भयो ।

अध्यक्ष ढकालले विगतमा बैंक र नेफ्स्कूनबीचमा भए गरेका सहकार्यको स्मरण गर्दै वर्तमान सञ्चालक समितिले सहकारी अभियानको साझा मुद्धामा हातेमालो गर्दै जाने प्रतिबद्धता जनाउनु भयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले बैंकको संक्षिप्त परिचय राख्नुहुँदै नेपालको सहकारी अभियानमा देखा परेका समस्या र वित्तीय सहकारी संस्थामा देखा परेको समस्यालाई समाधान गर्नको लागि बैंक र नेफ्स्कूनबीचको समन्वय आवश्यक रहेको विषयमा जोड दिनु भयो ।

उहाँले वित्तीय सहकारीको स्थायित्व एवम् दिगो सञ्चालनको लागि २०७७ सालमा बैंक र नेफ्स्कूनबीच गठन भएको कार्यदलले सहकार्य क्षेत्रको अल्पकालीन एवम् दीर्घकालीन प्राथमिकिकरण गरिएको उल्लेख गर्दै कोभिड-१९, जस्ता महामारीको समयमा

सहकारी सञ्चालनमा साझा धारणा निर्माण देखि तरलता व्यवस्थापनमा सहजीकरण र तरलता व्यवस्थापन कोषको गठनले सहकारी क्षेत्रमा सकारात्मक प्रभाव पारेको बताउनु भयो ।

त्यसैगरी सहकारी क्षेत्रमा देखा परेका समस्या समाधानको लागि साझेदारीको मार्गचित्रका सम्भावित क्षेत्र अन्तर्राष्ट्रिय सम्बन्ध, तालिम शिक्षा तथा श्रोत केन्द्र, सहकारी बहस पैरवी तथा नियामकिय अवधारणाका विषयमा सहकार्य गर्न सकिने उल्लेख गर्नुभयो ।

नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत डा.शिवजी सापकोटाले नेफ्स्कूनको छोटकरीमा विवरण प्रस्तुत गर्दै तालिम शिक्षा तथा श्रोत विकास, सहकारीहरूका लागि एकीकृत नीति निर्देशिका निर्माण, साझा प्रविधि विकासमा सहकार्य, केन्द्रीय तरलता कोष स्थापनाका लागि बहस, सञ्जाल व्यवस्थापनमा सहकार्य र सहजिकरण, सहकारी ऐनका व्यवस्थाहरू कार्यान्वयनमा सहकार्य र सहकारीका सिद्धान्त, मूल्य मान्यता र मापदण्डहरूको प्रवर्द्धनमा सहकार्यको लागि सहकारी बैंक र नेफ्स्कून बिचको सहकार्यका सम्भावना रहेको उल्लेख गर्नु भयो ।




कार्यक्रममा बैंकको तर्फबाट अध्यक्ष के.बी. उप्रेती, निवर्तमान अध्यक्ष रमेश प्रसाद पोखरेल, सञ्चालकहरु रामहरि बजगाईं, केदार मानन्धर, पार्वती थापा मगर, मनोज कुमार थापा मगर, ध्रुवराज विष्ट, प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईं, नायब प्रमुख कार्यकारी मनोज खड्का, नायब महाप्रबन्धक राजेश श्रेष्ठको सहभागिता रहेको थियो ।

त्यसैगरी नेफ्स्कूनको तर्फबाट अध्यक्ष चन्द्र प्रसाद ढकाल, बरिष्ठ उपाध्यक्ष दामोदर अधिकारी, उपाध्यक्ष शान्ति अधिकारी, महासचिव घनश्याम अधिकारी, कोषाध्यक्ष दिपक थापा, प्रमुख कार्यकारी अधिकृत डा.शिवजी सापकोटा सहित सम्पूर्ण सञ्चालकहरुको सहभागिता रहेको थियो । नेपाल बचत तथा ऋण सहकारी संघ लिमिटेड (नेफ्स्कून) को पुस ७ र ८ गते सम्पन्न निर्वाचन सहितको ३२ औं वार्षिक साधारण सभाबाट चन्द्र प्रसाद ढकालको अध्यक्षतामा १९ सदस्य सञ्चालक समिति र इन्द्रराज ज्योति पौडेलको संयोजकत्वउमा तीन सदस्य लेखा सुपरिवेक्षण समिति निर्वाचित भएका थिए ।

# सिनर्जी बहुउद्देश्यीय सहकारी स्तरीकरण कार्यक्रम केयरमा आवद्ध

ललितपुर । कपिलवस्तु जिल्ला स्थित बाणगङ्गा नगरपालिका वडा नम्बर-१, जितपुरमा रहेको सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड राष्ट्रिय सहकारी बैंकले सञ्चालन गरेको सहकारी क्षेत्रको गुणात्मक सुधारका लागि सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत केयरमा आवद्ध भएको छ । पुस २४ गते राष्ट्रिय सहकारी बैंकको तर्फबाट बुटवल शाखाका प्रमुख नारायण बेल्वासे र सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका अध्यक्ष लक्ष्मण बेल्बासे बिच स्तरीकरण कार्यक्रम केयरमा आवद्ध भएको सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको हो । सम्झौता कार्यक्रममा बोल्दै बैंकका बुटवल शाखाका प्रमुख नारायण बेल्वासे सहकारी संस्थाको सञ्चालनलाई थप व्यवस्थित एवम् प्रभावकारी बनाई, गुणस्तरीय सुनिश्चितता कायम गर्न केयर कार्यक्रमले सहयोग गर्ने बताउनु भयो ।

सहकारी संस्था एवम् अभियानको उच्च छवि निर्माण गर्ने उद्देश्यका साथ बैंकले सुरु गरेको स्तरीकरण कार्यक्रम अन्तर्गत केयर कार्यक्रमले सहकारी संस्थाको स्तर पहिचान, स्तर मापन एवम् स्तरोन्नतिका लागि विभिन्न कार्य गर्दै आएको उल्लेख गर्नु भयो । सहकारी संस्थाको प्रकृति अनुसार बचत तथा ऋण सहकारी र बचत तथा ऋण बाहेकका सहकारी संस्थाहरूका लागि छुट्टाछुट्टै सूचकाङ्कहरू विकास गरिएको र सूचकाङ्कहरूको आधारमा

संस्थाको स्तर मापन गरी सोही मापनको परिणामका आधारमा संस्थाको स्तरोन्नतिमा आवश्यक प्राविधिक सहयोग गर्ने बैंकले जनाएको छ।




सम्झौतामा हस्ताक्षरपछि बोल्दै संस्थाका लक्ष्मण बेल्बासे सहकारीलाई सुरक्षित रूपमा सञ्चालनका लागि आवश्यक नीति तथा कार्यविधिहरू निर्माण गर्न, सुशासन कायम राख्न, वित्तीय रूपमा सक्षम बनाउन तथा समग्रमा सहकारीको स्वास्थ्य अवस्था सुधार गर्नका लागि सहकारी बैंकले सञ्चालन गरेको स्तरीकरण कार्यक्रम प्रभावकारी हुने बताउनुभयो। उहाँले स्तरीकरण कार्यक्रममा सहभागी भएपछि बैंकको तर्फबाट वर्षमा ३ पटक संस्थागत रूपमा अनुगमन निरीक्षण गरी सुझाव दिने र सुझावहरू कार्यान्वयन गर्दै जाँदा संस्थालाई धेरै व्यवस्थित गराउन सहज हुने भएकोले पनि यो कार्यक्रम प्रभावकारी हुने कुरामा जोड दिनु भयो।

# सर्लाहीको साझा बिकास बचत तथा ऋण सहकारी संस्था केयरमा कार्यक्रम आवद्ध

ललितपुर। सर्लाही जिल्ला स्थित गोडैता गाँउपालिका वडा नम्बर-७, गोडैताबजारमा रहेको साझा बिकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड राष्ट्रिय सहकारी बैंकले सञ्चालन गरेको सहकारी क्षेत्रको गुणात्मक सुधारका लागि सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत केयरमा आवद्ध भएको छ।

राष्ट्रिय सहकारी बैंकको स्तरीकरण बिभागका अधिकृत सुर्य प्रसाद रिमाल, हरिवन शाखाका प्रमुख नारायण लामिछाने र साझा बिकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड अध्यक्ष जय मंगत महतो बिच स्तरीकरण कार्यक्रम केयरमा आवद्ध भएको सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको हो।

सम्झौता कार्यक्रममा बोल्दै बैंकका स्तरीकरण बिभागका अधिकृत सुर्य प्रसाद रिमालले सहकारी संस्थाको सञ्चालनलाई थप व्यवस्थित एवम् प्रभावकारी बनाई, गुणस्तरीय सुनिश्चितता कायम गर्न केयर कार्यक्रमले सहयोग गर्ने बताउनु भयो। सहकारी संस्था एवम् अभियानको उच्च छवि निर्माण गर्ने उद्देश्यका साथ बैंकले सुरु गरेको स्तरीकरण कार्यक्रम अन्तर्गत केयर कार्यक्रमले सहकारी संस्थाको स्तर पहिचान, स्तर मापन एवम् स्तरोन्नतिका लागि विभिन्न कार्य गर्दै आएको उल्लेख गर्नु भयो। स्तरीकरण कार्यक्रममा सहभागी भएपछि बैंकको तर्फबाट वर्षमा ३ पटक संस्थागत रूपमा अनुगमन निरीक्षण गरी सुझाव दिने र सुझावहरू कार्यान्वयन गर्दै जाँदा संस्थालाई व्यवस्थित गराउन सहज हुने भएकोले पनि यो कार्यक्रम प्रभावकारी हुने कुरामा जोड दिनु भयो।

सहकारी संस्थाको प्रकृति अनुसार बचत तथा ऋण सहकारी र बचत तथा ऋण बाहेकका सहकारी संस्थाहरूका लागि छुट्टाछुट्टै सूचकाङ्कहरू विकास गरिएको र सूचकाङ्कहरूको आधारमा संस्थाको स्तर मापन गरी सोही मापनको परिणामका आधारमा संस्थाको स्तरोन्नतिमा आवश्यक प्राविधिक सहयोग बैंकले गर्ने शाखा प्रमुख नारायण लामिछानेले बताउनुभयो।

स्तरीकरण कार्यक्रम केयर सम्झौतामा हस्ताक्षरपछि बोल्दै संस्थाका अध्यक्ष जय मंगत महतोले सहकारीलाई सुरक्षित रूपमा सञ्चालनका लागि आवश्यक नीति तथा कार्यविधिहरू निर्माण गर्न, सुशासन कायम राख्न, वित्तीय रूपमा सक्षम बनाउन तथा समग्रमा सहकारीको स्वास्थ्य अवस्था सुधार गर्न सहयोग पुग्ने अपेक्षाका साथ सहकारी बैंकले सञ्चालन गरेको स्तरीकरण कार्यक्रम सहभागी भएको बताउनुभयो।

*"आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ती गरुन् झुकेर पाउमा त्यो विन्ती मान्दैन त्यो ।।"*

# हार्दिक समवेदना



**जन्मः**
२०२९/०४/१५

**स्वर्गारोहणः**
२०८०/०८/०४

**स्व. माधवलाल देवकोटा**

यस बैंकका सञ्चालक एवम् शिक्षा तालिम तथा सम्मान उपसमितिका संयोजक माधवलाल देवकोटाको मिति २०८० मंसिर ४ गते सवारी दुर्घटनामा परी ५१ वर्षको उमेरमा असामयिक निधन भएको खबरले हामी स्तब्ध भएका छौं ।

उहाँको अकल्पनीय निधनले बैंक परिवार र नेपालको सहकारी अभियानमा अपुरणीय क्षती पुगेको छ । यस दुख:द घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै शोकसन्तप्त परिवारमा हार्दिक समवेदना व्यक्त गर्दै धैर्यधारण गर्ने शक्ति मिलोस भनी भगवानसँग प्रार्थना गर्दछौं ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
तथा
परिवार

# ब्याजदर परिवर्तन सम्बन्धी सूचना

मिति २०८०/०९/०६ गते देखि लागु हुने गरि बचत तथा कर्जाको शिर्षकहरुमा तपशिल बमोजिमको ब्याजदर कायम गरिएको हुँदा सदस्य संघ/संस्थाको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

## बचत तर्फ

| खाताको प्रकार | न्यूनतम मौज्दात तथा अवधि | ब्याजदर |
|---|---|---|
| साधारण बचत | ० मौज्दात | २.५० |
| | न्युनतम मौज्दात रु.१,०००/- | ३.०० |
| विशेष बचत | न्युनतम मौज्दात रु.१०,०००/- | ३.२५ |
| सुपर बचत | रु २५ हजार देखि माथी रु.१० लाख सम्मको मौज्दातमा | ३.५० |
| | रु.१० लाख देखि माथी रु.२५ लाख सम्मको मौज्दातमा | ३.७५ |
| | रु..२५ लाख देखि माथीको मौज्दातमा | ४.०० |
| एन सि बि एल समुन्नत बचत खाता | रु १० लाख सम्मको मौज्दातमा | ३.५० |
| | रु. १० लाख देखि माथी रु.२५ लाख सम्मको मौज्दातमा | ३.७५ |
| | रु. २५ लाख देखि माथी रु.५० लाख सम्मको मौज्दातमा | ४.०० |
| | रु..५० लाख भन्दा माथीको मौज्दातमा | ४.५० |
| एन सि बि एल प्रीमीयम बचत खाता | न्युनतम मौज्दात रु.१००,०००/- | ४.००-४.५० |
| अनिवार्य नियमित बचत | न्युनतम मौज्दात रु.१,०००/- | ८.०० |
| क्रमिक बचत | ३ महिनाभन्दा माथी १ वर्षसम्मको अवधी | ८.२५ |
| | १ वर्षभन्दा माथी ३ वर्षसम्मको अवधी | ८.५० |
| | ३ वर्षभन्दा माथी ५ वर्षसम्मको अवधी | ९.०० |
| मुद्दती निक्षेप | ३ देखि ६ महिना भन्दा कम अवधि | ७.२५ |
| | ६ महिना देखि १ वर्षभन्दा कम अवधि | ७.७५ |
| | १ वर्ष देखि २ वर्षभन्दा कम अवधि | ८.२५ |
| | २ वर्ष देखी ५ वर्ष सम्म | ९.२५ |

## कर्जा तर्फ

| कर्जाको प्रकार | कर्जाको अवधि | ब्याजदर |
|---|---|---|
| (क) कृषि तथा कृषि परियोजना कर्जा (किस्तावन्दी) | ३ महिना देखि ५ वर्ष | ८.००-११.०० |
| (ख) अन्य परियोजना कर्जा (किस्तावन्दी) | ३ महिना देखि १५ वर्ष | ८.००-११.५० |
| (ग) (Term Loan) आवधिक कर्जा किस्तावन्दी | ३ महिना देखि ४ वर्ष | १२.२५ |
| | ५ वर्ष र सो भन्दा माथी | १२.५० |
| (घ) हायर पर्चेज कर्जा (किस्तावन्दी) | १ वर्ष देखि ५ वर्ष | ११.५० |
| (ङ) लघु कर्जा (किस्तावन्दी) | ३ महिना देखि ५ वर्ष | ११.००-११.५० |
| (च) दिगो सहकारी कर्जा | ३ महिना देखि ५ वर्ष | १२.७५ |
| (छ) घर घडेरी खरिद तथा भवन निर्माण कर्जा | ५ देखि १० वर्ष | ११.७५-१२.२५ |
| (ज) तरलता व्यवस्थापन कर्जा | १ वर्ष | १२.७५ |
| (झ) चालु पुँजी कर्जा | १ वर्ष | १२.७५ |
| (ञ) आपतकालिन तरलता व्यवस्थापन कर्जा | ३ देखि ६ महिना | ११.५० |
| (ट) सहकारी व्यवस्थापन कर्जा | १ वर्ष | १२.५० |
| (ठ) सहकारी स्तरिकरण कर्जा | ३ महिना देखि ५ वर्ष | ९.०० |
| (ड) साना तथा मझौला सदस्य कर्जा | ३ वर्ष | १०.०० |
| (ढ) उत्पादन/प्रसोधन/भण्डारण/बजारीकरण कर्जा | १ वर्ष देखि ५ वर्ष | ८.५०-९.५० |
| (ण) निक्षेप कर्जा | - | निक्षेपको दरमा थप २ प्रतिशत |
| (त) अल्पकालिन व्यवसायीक कर्जा | १ वर्ष | १२.०० |
| (थ) मौसमी कर्जा | ३ महिना देखि १ वर्ष | ८.५० |
| (द) पर्यटन प्रवर्द्धन कर्जा | ३ महिना देखि १० वर्ष | ८.००-१०.५० |
| (ध) सबल सहकारी कर्जा | ३ महिना देखि ५ वर्ष | १२.७५ |
| (न) गरीबी निवारण कर्जा | १ वर्ष देखि ५ वर्ष | ११.००-११.५० |
| (प) व्यवसायीक किस्ताबन्दी कर्जा | ३ महिना देखि ४ वर्ष | ११.०० |
| | ५ वर्ष र सो भन्दा माथी | ११.२५ |

**नोट :**

(१) घर घडेरी खरिद तथा भवन निर्माण कर्जाको स्वःलगानी नियमानुसार हुनेछ ।

(२) लघुवित्त कर्जा, गरिबि निवारण कर्जा, सबल सहकारी कर्जा र दिगो सहकारी कर्जा लगानीको ब्याजदर संस्था बर्गीकरणको आधारमा फरक गरीनेछ ।

(३) मुद्दती निक्षेपको Bid Rate ९.२५ प्रतिशत सम्म प्रस्ताव गर्न सकिनेछ ।

(४) अपाङ्ग, दलित र महिलाद्धारा मात्र संचालित संस्थालाई प्रकाशित ब्याजदरमा ०.५ प्रतिशतसम्म थपघट गर्न सकिनेछ । यस्तो सुविधा दोहोरो हुनेगरी प्रदान गरिनेछैन ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop


National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
सबै प्रकृतिका सहकारीलाई बैंकको सदस्य बन्न अझै सहजता
Internet Banking को सुविधा
रु १५०० मा बैंकको सदस्यता
SMS Banking को सुविधा
• वार्षिक शुल्क नलाग्ने
• सहज प्रक्रिया
• Online मार्फत सदस्यता लिन सकिने
थप जानकारीको लागी बैंकको नजिकको शाखा कार्यालयमा सम्पर्क गर्नुहोस
Web: www.ncbl.coop Email: ncbl@ncbl.coop
CICTAB
NEDAC
APRACA
ACCU
coop
टोल फ्री नं १६६००१०२९९९